**मिति:२०७९।०६।०४ गते बसेको निस्दी गाउँपालिकाको गाउँ कार्यपालिका बैठकका निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा आ.ब २०७९।०८० को बार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा ६० बर्षमाथिको एकल पुरुष, ग बर्गको अपांगता भएका नागरिक, अभिभावक विहिन बालबालिकाको सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम संचालनको लागी यस गाउँपालिकाको कार्यबिधि अनुसार लाभग्राही दर्ता सम्बन्धी सूचना आह्वान गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रम २०७९ चैत्र मसान्त सम्ममा सम्पन्न गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा टोल विकास संस्था ऐन, कर्मचारी कल्याण कोष कार्यविधि, संस्था दर्ता ऐनको मस्यौदा तर्जुमा गर्न बिधायन समितिलाई जिम्मा दिने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा नजिकिदैं गरेको चाड पर्व लाई मध्यनजर गर्दै निस्दी गाउँपालिकाको बजारहरुको अनुगमन इलाका प्रशासन कार्यालय प्रतिनिधी , घरेलु तथा साना उधोग कार्यालय जनप्रतिनिधी, कर्मचारी, नगर प्रहरी र पत्रकार सहितको संयुक्त टोलीले यथासिघ्र गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा लगातारको बर्षातले अबरुद्ध भएका पालिका भित्रका सडक सरसफाई गरी दशैं तिहार अघि नै यातायात सुचारु गर्न प्राविधिक लागत अनुमान अनुसारको वडागत बजेट सिमा निर्धारण गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिका मातहतका वडा कार्यालयमा दरबन्दी अनुसार पदपूर्ति नहुदाँ अत्यावश्यसक सेवा प्रवाह मै समस्या देखिएकोले दरबन्दी पदपूर्ति नहुँदा सम्मको लागी सामाजिक परिचालक, बर्थिङ्ग सेन्टर लगाएतका गाउँपालिकाको आन्तरिक स्रोत बाट पारिश्रमिक प्राप्त गररिहेका करार कर्मचारीको म्याद गाउँ कार्यपालिका जिम्मेवार हुने गरी २०७९ पौष मसान्तसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा निस्दी गाउँपालिका पशु सेवा शाखा अन्तरगतको गाई भैसी प्रवर्द्धन कार्यक्रम वडा नं ४ र ५ मा गर्ने निर्णय गरियो । साथै भकारो सुधार कार्यक्रम वडा नं १ , २ , ३ , ६ र ७ मा देहायअनुसार बाँडफाड गरियो ।

वडा नं १ , बाकामलाङ्ग १८ घर परिवार

वडा नं २ , सहलकोट १८ घर परिवार

वडा नं ३ , झिरुवास १८ घर परिवार

वडा नं ६ , अर्चले १८ घर परिवार

वडा नं ७ , ज्यामिरे २५ घर परिवार

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

आनुवांशिक स्रोत संरक्षण ( लोकल कुखुरा ) कार्यक्रम वडा नं २ सहलकोटमा संचालन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.ब २०७६।०७७ र २०७७।०७८ को संलग्न विवरण बमोजिमको बेरुजु समपरिक्षणका लागी महालेखा परिक्षकको कार्यालय डोर मुकाम कार्यालय तानसेन पाल्पा समक्ष पेश गर्ने निर्णय गरियो ।

मिति २०७९।०६।०४ गते बसेको गाउँ कार्यपालिकाको निर्णय प्रमाणित

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत